Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३३० | वि.सं. २०८२ चैत ८ आइतवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष चतुर्थी | Sunday 22 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# डाक्टर उत्पादनको गन्तव्य बन्दै जुम्ला



**गोल्डेन बुढा**
**जुम्ला, ७ चैत ।**

छिमेकी देश भारतको जम्मु-कश्मीरकी साक्षी गुप्ता जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत छिन् । औपचारिक रूपमा चिकित्सा शिक्षा आयोगका मापदण्ड पूरा गरेर दुर्गम भूगोलमा आइपुगेकी उनी केवल पाठ्यपुस्तकको चिकित्सा होइन, 'सीमान्त जीवनको चिकित्सा' सिक्दै छिन् ।

उनी भन्छिन्, 'यहाँ बिरामी मात्र होइन, अभाव, दूरी र राज्यको पहुँच नपुगेका कथाहरू पनि पढ्न पाइन्छ ।' भारत मध्यप्रदेशकी कस्तुरी सिंह र उत्तर प्रदेशका कार्तिकेय मिश्र पनि त्यही यात्राका सहयात्री हुन् । सहरका सुविधासम्पन्न कलेज रोज्ने विकल्प हुँदाहुँदै उनीहरूले जुम्ला रोज्नु संयोग होइन । यो छनोट चिकित्सा शिक्षाको 'सुविधा' भन्दा 'अर्थ' खोज्ने निर्णय हो । उनीहरूका लागि जुम्ला एउटा कक्षा कोठा मात्र होइन, एउटा जीवित प्रयोगशाला बनेको छ, जहाँ रोग केवल जैविक अवस्था होइन, सामाजिक-आर्थिक यथार्थसँग गाँसिएको छ ।

साक्षी भन्छिन्, 'नेपालमा चिकित्सा शिक्षाको गुणस्तरबारे सुनेकी थिएँ, तर जुम्ला आएपछि बुझें–यहाँ पढाइ मात्र होइन, समर्पण पढाइन्छ ।' कार्तिकेय थप्छन्, 'यहाँको जनजीवनले सिकाएको कुरा कुनै किताबमा पाइँदैन ।' यी कथाहरू व्यक्तिगत अनुभवमा सीमित छैनन् । पछिल्लो ब्याचमा नयाँदिल्ली, उत्तर प्रदेश, उत्तराखण्डलगायतका क्षेत्रबाट आएका विद्यार्थीहरूको उपस्थिति एउटा गहिरो संकेत हो ।

> "प्रतिष्ठानमा चिकित्सा शिक्षाका चार वटा स्कुलमा स्नातक र स्नातकोत्तर गरी १३ कार्यक्रम सञ्चालनमा छन् ।

कर्णाली अब 'अन्तिम विकल्प' होइन, 'चेतन चयन' बन्न थालेको छ । केही वर्षअघिसम्म कर्णालीको परिचय गरिबी, अशिक्षा र पलायनसँग जोडिन्थ्यो । युवा रोजगारीका लागि भारतका उत्तराखण्ड र हिमाचल पुग्थे । आज परिस्थिति उल्टिएको छ । उहीं भूगोलतर्फ ज्ञान र सीपको खोजीमा भारतीय विद्यार्थी आउँदैछन् ।

यो केवल भौगोलिक उलटफेर होइन, धारणागत रूपान्तरण हो । यता प्रतिष्ठानका शिक्षाध्यक्ष डा. डबलबहादुर धामीका अनुसार यो परिवर्तन सहजै आएको होइन । 'विद्यार्थीहरू जहाँसुकै जान सक्थे, तर उनीहरूले यहाँको शैक्षिक अनुशासन, सरकारी संरचना र दुर्गम स्वास्थ्य प्रणाली बुझ्ने अवसर रोजेका छन्,' उनी भन्छन् ।

२०६८ सालमा स्थापना भएको प्रतिष्ठान आज चार स्कुलमार्फत १३ शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । सीमित स्रोत-साधनका बीच पनि लाइसेन्स परीक्षामा शतप्रतिशत सफलता, तीन सय शय्याको शिक्षण अस्पताल र व्यावहारिक अभ्यासको अवसरले यसलाई फरक बनाएको छ । तर यो संस्थाको कथा केवल शैक्षिक उपलब्धिको सूची होइन ।

यो राजनीतिक इच्छाशक्ति, सामाजिक संघर्ष र क्षेत्रीय असमानताविरुद्धको प्रतिरोधको कथा हो । प्रतिनिधिसभामा प्रस्तुत भएको प्रतिष्ठान सम्बन्धी विधेयकले त्यतिबेला राष्ट्रिय बहस चर्कायो । जुम्लाबाट निर्वाचित नरेश भण्डारीले अघि सारेको प्रस्तावप्रति समर्थनभन्दा बढी शंका उब्जियो । 'दुर्गम कर्णालीमा यस्तो संस्था सम्भव छैन' भन्ने तर्कले केन्द्रदेखि स्थानीय तहसम्म जरा गाडेको थियो । विधेयक पारित भएपछि पनि विवाद रोकिएन । जुम्लामै केन्द्रीय कार्यालय राख्ने निर्णयले स्थानीय राजनीति विभाजित भयो । आफ्नै भूगोलबाट 'यो चल्दैन' भन्ने आवाज उठ्यो । तर त्यही अविश्वासमाथि उभिएर प्रतिष्ठानले आफ्नो पहिचान बनायो ।

यो परियोजना मात्र थिएन–यो राज्यले कर्णालीप्रति गरेको ऐतिहासिक उपेक्षाको संरचनात्मक जवाफ थियो । जहाँ कहिल्यै चिकित्सक टिक्दैनथे, जहाँ स्वास्थ्यचौकीले अस्पतालको भूमिका खेल्थ्यो, जहाँ बिरामीले उपचारभन्दा नियति पर्खिन्थे,त्यहीँबाट प्रतिष्ठानले यात्रा सुरु गर्‍यो । आज अवस्था फेरिएको छ । चिकित्सक टिकिरहेका छन्, विशेषज्ञ सेवा विस्तार भएको छ, र सबैभन्दा महत्वपूर्ण,कर्णाली आफैं चिकित्सक उत्पादन गर्ने भूगोल बन्दैछ ।

त्यस्तै नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतका अनुसार, 'यो संस्थाले शिक्षा र स्वास्थ्य दुवैलाई एकैसाथ उकासेको छ । सडकले भूगोल जोड्यो, प्रतिष्ठानले अवसर जोड्यो ।' संस्थापक नरेश भण्डारी यसलाई अझ स्पष्ट रूपमा व्याख्या गर्छन्, 'यो संस्था गरिबी, अशिक्षा र बेरोजगारीविरुद्धको मिसाइल हो ।' उनको भनाइमा, कर्णालीका छोराछोरीले अब अवसर खोज्न बाहिर जानु पर्दैन । अवसर आफैं उनीहरूको आँगनमा आएको छ । कर्णालीको कथा अब करुणा होइन, क्षमता लेख्ने चरणमा प्रवेश गरेको छ ।

जुम्लाको यो शान्त भूगोलमा अहिले एउटा गहिरो परिवर्तनको धड्कन सुनिन्छ, जहाँ कहिल्यै नआउने भनिएका चिकित्सकहरू जन्मिरहेका छन्, र जहाँ कहिल्यै सम्भव नठानिएको सपना बिस्तारै यथार्थ बन्दैछ । प्रतिष्ठानमा चिकित्सा शिक्षाका चार वटा स्कुलमा स्नातक र स्नातकोत्तर गरी १३ कार्यक्रम सञ्चालनमा छन् ।

स्कुल अफ मेडिसिनअन्तर्गत एमबीबीएस, एमडी र एमएस तथा स्कुल अफ फार्मेसीअन्तर्गत ब्याचलर इन फार्मेसी र मास्टर इन फार्मेसी, स्कुल अफ नर्सिङअन्तर्गत बीएस्सी नर्सिङ, ब्याचलर अफ नर्सिङ र ब्याचलर अफ मिडवाइफरी साइन्स, स्कुल अफ पब्लिक हेल्थअन्तर्गत ब्याचलर अफ पब्लिक हेल्थ र मास्टर इन पब्लिक हेल्थका शैक्षिक कार्यक्रम सञ्चालनमा छन् ।

हाल एमबीबीएसमा ५०, नर्सिङमा २०, बीएनएसमा २०, बीपीएचमा २०, बीएस्सी नर्सिङमा २० र बीफर्मामा २० जना अध्ययनरत छन् । प्रतिष्ठानले ग्रामीण स्वास्थ्य, जनस्वास्थ्य र फार्मेसीमा पीएचडी तहका कार्यक्रम पनि चाँडै सुरु गर्ने तयारी रहेको शिक्षाध्यक्ष डा. धामी बताउँछन् ।

प्रतिष्ठानमा शिक्षक र कर्मचारी गरी एक सय २० जना कार्यरत छन् । शिक्षाध्यक्ष डा. धामीका अनुसार प्रतिष्ठानमा फार्मेसी र नर्सिङ, जनस्वास्थ्य विषय अध्ययन गरेका विद्यार्थी सबै लाइसेन्स परीक्षामा उत्तीर्ण भएकाले पनि पछिल्ला दिनमा कर्णाली प्रतिष्ठानप्रति विद्यार्थीको आकर्षण बढ्दो छ ।

## नेपालगञ्जमा थपियो १५ करोड लगानीको तारे होटल

**युग संवाददाता**
**बाँके, ७ चैत ।**

पश्चिम नेपालको मुख्य व्यापारिक केन्द्र नेपालगञ्जमा करिब रु १५ करोडको लगानीमा तारे होटल कान्तिपुर प्लाजा सञ्चालनमा आएको छ । युवा उद्यमी ऋषिराम कँडेलको नेतृत्वमा निर्माण भएको यस होटलमा पाहुनाको आराम र सुविधालाई विशेष प्राथमिकता दिइएको छ ।

दुइतारे होटलमा कुल २७ वटा सुविधासम्पन्न कोठा रहेका छन् । विलासी अनुभव खोज्ने पाहुनाका लागि दुई वटा विशेष स्वीट रुमको व्यवस्था गरिएको सञ्चालक कँडेलले जानकारी दिए । उनका अनुसार, होटलका सबै कोठामा वातानुकूलित र २४ सै घण्टा तातोपानीको सुविधा रहेको छ । पाहुनाको सहजताका लागि आठ जना क्षमताको अत्याधुनिक लिफ्ट र सवारी साधनको सुरक्षाका लागि भूमिगत पार्किङको व्यवस्था गरिएको छ ।

"हामीले बास बस्ने सुविधा मात्र नभई व्यावसायिक कार्यक्रम र पारिवारिक उत्सवलाई पनि लक्षित गरेका छौं", उनले भने, "नेपालगञ्ज आउने व्यावसायिक प्रतिनिधि, आन्तरिक तथा बाह्य पर्यटक एवं विशिष्ट पाहुनालाई स्तरीय आतिथ्य प्रदान गर्ने हाम्रो मुख्य उद्देश्य हो ।"

परिवर्तित समयसँगै होटलले आफ्नो बुकिङ प्रणालीलाई पनि आधुनिक बनाएको छ । पाहुनाले ई-सेवा लगायतका विभिन्न डिजिटल प्लेटफर्मबाट सजिलै कोठा बुकिङ गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसले गर्दा टाढाबाट आउने पर्यटकलाई झन्झटमुक्त यात्राको सुनिश्चितता प्रदान गर्नेछ ।

नेपालगञ्जको धम्बोझी चोकमा अवस्थित यस होटलले स्थानीय स्तरमा रोजगारीका नयाँ अवसर सिर्जना गरेको होटल व्यवसायी महासङ्घ बाँकेका अध्यक्ष भीमलाल कँडेलले बताए । नेपालगञ्जलाई ट्रान्जिट बनाएर कर्णाली र सुदूरपश्चिमका पर्यटकीय स्थलमा जाने पर्यटकका लागि बाँके र विशेष गरी नेपालगञ्जको आर्थिक तथा पर्यटकीय गतिविधिमा यसले विशेष टेवा पुर्‍याउने उनको भनाइ छ ।

## छ वटा खोलामा तटबन्ध निर्माण

**युग संवाददाता**
**कैलाली, ७ चैत ।**

जिल्लाको बर्दगोरिया गाउँपालिकाका विभिन्न छ नदी तथा खोलामा तटबन्ध निर्माण सुरु भएको छ । सुदूरपश्चिम प्रदेश सरकारको चालु आर्थिक वर्षमा विनियोजित रु एक करोड ३० लाख बजेटमा नदी कटान तथा रोकथाम नियन्त्रण गर्ने उद्देश्यले तटबन्ध निर्माण सुरु भएको हो ।

बर्खामा नदीले खेतीयोग्य जमिन तथा बस्ती कटान गर्ने भएकाले त्यसको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारको लगानीमा बर्दगोरियाका विभिन्न स्थानका छ वटा नदी तथा खोलामा तटबन्ध निर्माण भइरहेको भू तथा जलाधार कार्यालय कैलालीले जनाएको छ ।

कार्यालयका इन्जिनियर ताराप्रसाद भट्टका अनुसार उपभोक्ता समितिमार्फत तटबन्ध निर्माण सुरु भएको हो । बर्दगोरिया-४ स्थित कुवाघाटकाँडा नदीमा रु ४० लाखमा ठेक्का लगाई काम सुरु गरिएको इन्जिनियर भट्टले जानकारी दिए ।

उनका अनुसार वडा नं ४ स्थित टुन्द्रा क्षेत्रमा भूक्षय नियन्त्रणका लागि रु १० लाख, वडा नं ६ मा रहेको सुवरखालकाँडा नदीमा रु ३० लाख, वडा नं ६ घैला नदीमा रु १५ लाख, वडा नं २ स्थित पथहरिया नदीको कटान नियन्त्रणका लागि रु १५ लाख र वडा नं ५ मा रहेको पथरैया नदीको कटान नियन्त्रणका लागि रु २० को लागतमा उपभोक्ता समितिमार्फत तटबन्धनको काम सुरु भएको छ ।

बर्दगोरियाका छवटै नदी तथा खोलामा चालु आर्थिक वर्षको असारमसान्तसम्ममा

बाँकी ४ पेजमा

**डढेलोबाट जोगिऔं र जोगाऔं ।**

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**डढेलोबाट जोगिन**

- जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

**वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
MINI BUS • JEEP/CAR
EV VAN • SUMO JEEP

## सम्पादकीय....

# बजार अनुगमनलाई चुस्त बनाऊ !

मध्यपूर्वी देशहरूमा बढ्दो सैन्य तनावले विश्व अर्थतन्त्रसँगै ऊर्जा आपूर्ति प्रणालीमा गम्भीर असर पार्न थालेको छ। इन्धन आपूर्तिको महत्वपूर्ण मार्ग मानिने स्ट्रेट अफ होर्मुज क्षेत्रमा अस्थिरता बढ्दै जाँदा विश्व बजारमा तेलको आपूर्ति शृंखला नै अवरुद्ध हुने संकेत देखिएका छन्। विश्वको २० प्रतिशत इन्धन आपूर्ति हुने स्ट्रेट अफ होर्मुजमा इरानले निरन्तर निसाना बनाइरहँदा तेलको आपूर्ति शृंखला बिग्रिएको छ। यस्तो विश्वव्यापी संकटको असरबाट नेपाल जस्तो आयातमुखी देश अछुतो रहने प्रश्नै उठ्दैन। हालसम्म भारतमार्फत नियमित रूपमा इन्धन आयात भइरहेकाले नेपालमा तत्काल ठूलो संकट देखिएको छैन। तर नेपाल आयल निगमले खाना पकाउने एलपी ग्याँस आधा सिलिण्डरमा सीमित गर्नु, इन्धनमा मूल्यवृद्धि हुनु तथा उपभोक्तामा त्रास देखिनु आगामी चुनौतीका संकेत हुन्। विशेषतः उपभोक्ताले आवश्यकताभन्दा बढी ग्याँस सञ्चितीकरण गर्दा कृत्रिम अभाव सिर्जना हुनु चिन्ताजनक पक्ष हो।

यस परिस्थितिमा सुर्खेत जिल्लामा प्रशासनले देखाएको सक्रियता सकारात्मक कदम हो। सरोकारवाला निकायहरूसँगको समन्वय, दैनिक अभिलेख राख्ने व्यवस्था, अनुगमनलाई कडाइ तथा प्राथमिकताका आधारमा वितरण गर्ने निर्णयले आपूर्ति व्यवस्थापनलाई व्यवस्थित बनाउन मद्दत पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। विशेष गरी ज्येष्ठ नागरिक, अशक्त तथा विद्यार्थीलाई प्राथमिकता दिनु सामाजिक उत्तरदायित्वको उदाहरण पनि हो। तर केवल प्रशासनिक निगरानी मात्र पर्याप्त हुँदैन। संकटको समयमा सबैभन्दा ठूलो भूमिका नागरिक सचेतनाको हुन्छ। संकटका समयमा मात्र होइन अन्य समयमा पनि बजार अनुगमनको पाटोलाई नियामक निकायले चुस्त बनाउनतर्फ ध्यान दिनुपर्दछ। उपभोक्ता अधिकारको संरक्षण गर्न कानुनले बन्देज गरेका कार्यमा संलग्न जो कोहीलाई पनि कारवाहीको दायरामा ल्याउन सक्ने संयत्र बनेको खण्डमा मात्रै बजार स्वच्छ हुन सक्छ। अनावश्यक सञ्चितीकरण, अफवाह फैलाउने प्रवृत्ति तथा कालोबजारीजस्ता गतिविधिले समस्या झन् जटिल बनाउँछन्।

सामाजिक सञ्जालमार्फत गलत सूचना फैलाउनेहरूमाथि कारवाही गर्ने निर्णय उचित भए पनि यसलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ। दीर्घकालीन रूपमा हेर्दा नेपालले यस्ता बाह्य संकटबाट बच्न ऊर्जा क्षेत्रमा आत्मनिर्भरता बढाउनेतर्फ ध्यान दिनैपर्छ। विद्युतीय चुल्होको प्रयोग विस्तार, वैकल्पिक ऊर्जाको विकास तथा भण्डारण क्षमताको अभिवृद्धि अपरिहार्य भइसकेको छ। सुर्खेतमा भण्डारण क्षमता विस्तार गर्ने योजना तथा नेपालगञ्जबाट आपूर्ति सुनिश्चित गर्ने प्रयास सकारात्मक भए पनि यस्ता उपायहरू देशव्यापी रूपमा विस्तार गर्न आवश्यक छ। अन्ततः, वर्तमान संकटले एउटा स्पष्ट सन्देश दिएको छ। नेपालको ऊर्जा सुरक्षा अझै कमजोर छ। अल्पकालीन व्यवस्थापनसँगै दीर्घकालीन रणनीतिमा केन्द्रित नभएसम्म यस्ता बाह्य झट्काबाट देश बारम्बार प्रभावित भइरहनेछ। सरकार, निजी क्षेत्र र नागरिक सबैको समन्वित प्रयासबाट मात्र यस्तो चुनौतीको सामना गर्न सकिन्छ। यसमा राज्यका संयत्रहरु बढी जिम्मेवार हुनुपर्दछ। किन भने राज्यका संयत्रहरु प्रभावकारी भएमात्रै उपभोक्ता अधिकार सुनिश्चित हुन्छ।

## विश्व

### भियतनाम निर्वाचन :

# गैरकम्युनिस्ट पार्टीका १८ सांसद निर्वाचित

**काठमाडौं, ७ चैत ।** भियतनामको ५०० सदस्यीय संसदमा गैर-कम्युनिस्ट पार्टीका १८ सदस्यहरू निर्वाचित भएका भियतनामले शनिबार घोषणा गरेको छ।

भियतनामको नेशनल एसेम्ब्ली देशको शीर्ष विधायिका निकाय हो, तर यसले मुख्यतया सत्तारुढ कम्युनिस्ट पार्टीले गरेका निर्णयहरूलाई अनुमोदन गर्दछ।

मतदाताहरूले आइतबार आफ्नो मतदान गरे र शनिबार आधिकारिक परिणामले केवल १८ निर्वाचित व्यक्तिहरू गैर-कम्युनिस्ट पार्टीका सदस्य भएको देखिएको छ। पाँच बर्ष पहिले भएको चुनावमा यो सङ्ख्या केबल १४ थियो।

संसदीय उप-मामिला समितिका उपाध्यक्ष ता थी येनले वृद्धिलाई 'मामूली' कुरा बताउँदै भने, "यसले लोकतन्त्र र नेशनल एसेम्ब्लीमा प्रतिनिधित्वको अर्थपूर्ण विस्तारलाई सङ्केत गर्दछ।"

सरकारका अनुसार भियतनामका सात करोड ६० लाख मतदाताहरूमध्ये ९९ प्रतिशतभन्दा बढीले आफ्नो मताधिकार प्रयोग गरेका छन्। यो सहभागी सङ्ख्या अत्यधिक उच्च हो।

करिब १० करोड जनसङ्ख्या भएको दक्षिणपूर्वी एसियाली राष्ट्र भियतनाम आर्थिक सफलताको कथा हो, गत वर्ष आठ प्रतिशतको वृद्धि भएको सरकारी तथ्याङ्कले देखाएको छ।

अर्को महिना बस्ने पहिलो बैठकले नयाँ संसदको पहिलो कार्यहरूमध्ये एक जनवरीमा दुई दशकको कंग्रेसमा पार्टीले पहिले नै चयन गरेका पार्टीका वरिष्ठ नेताहरूलाई अनुमोदन गर्नेछ।

यसअघि पार्टीको बैठकले शीर्ष नेता टु लामलाई महासचिवको रूपमा पुनः अनुमोदन गरेको थियो उनी राष्ट्रपति पनि बन्ने अपेक्षा गरिएको छ। यो पदका लागि सांसदहरूको अनुमोदन आवश्यक पर्दछ।

# इरान युद्ध अन्त्य गर्ने लक्ष्य नजिक पुगेको ट्रम्पको दावी

**काठमाडौं, ७ चैत ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धमा अमेरिका आफ्नो लक्ष्यको करिब पुगिसकेको बताएका छन्। शनिबार सामाजिक सञ्जाल 'ट्रुथ'मा धारणा सार्वजनिक गर्दै उनले अब क्रमशः सैन्य अभियान अन्त्य गर्नेबारे सोचिरहेको उल्लेख गरेका छन्।

ट्रम्पले लेखेका छन्, 'हामी मिडल इष्टमा इरानको सन्दर्भमा सञ्चालन भइरहेको ठूलो सैन्य अभियान विस्तारै समाप्त गर्नेबारे विचार गरिरहेका छौँ, किनकि हामी आफ्नो लक्ष्यको निकै नजिक पुगिसकेका छौँ।'

यसैबीच, इरानले अमेरिका र इजरायलको सैन्य हमलापछि स्ट्रेट अफ हर्मुजमा नाकाबन्दी गरेको छ। यो कदमले विश्व ऊर्जा आपूर्तिमा ठूलो असर पार्दै अन्तर्राष्ट्रिय तनाव चुलिएको छ।

तर ट्रम्पले उक्त जलमार्गको सुरक्षाबारे अमेरिका चिन्तित नभएको संकेत दिएका छन्। उनका अनुसार, 'त्यसको सुरक्षा ती देशहरूले नै गर्नुपर्छ, जसले त्यसको प्रयोग गर्छन्।' यद्यपि आवश्यक परे सहयोग गर्न अमेरिका तयार रहेको उनले बताएका छन्।

# पराजयको शोक



✍ उमालाल आचार्य

संविधान जारी भएपछि २०७४ को पहिलो चुनावमा एमाले र माओवादी एकीकरण हुँदा खड्ग प्रसाद ओलीको नेतृत्वमा स्पष्ट बहुमतको सरकार निर्माण भएको थियो। माओवादी र एमाले नेतृत्वको आपसमा स्वार्थ बाँझिदा ओलीले संसद विघटन गरिदिए। अदालतले त्यसलाई उल्टाएर पुनर्गठन गरि यथावत स्थितिमा ल्याइदियो। राष्ट्रपति आफ्नो अनुकूल भएको कारण ओलीले फेरि विघटन गरे। मानौं उनी संसद विघटन गर्नैका लागि प्रधानमन्त्री भएका हुन। पछिल्लो पटक अदालतले ओलीलाई फ्याँकेर काँग्रेस सभापति शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाइदियो।

लहडको भरमा अकारण दुई पटक संसद विघटन गरेको आरोप ओलीको टाउकोमा लाग्दै आएको छ। यस कारण संसद विघटन गर्नु परेको थियो भनेर ओलीले प्रष्ट रूपमा कतै केही बताइरहेका छैनन्। राज्यले अर्बौं रुपैयाँ खर्च गरेर चुनाव सम्पन्न गराउँछ तर कोही मैमत्त सन्काह शासकले अकारणमा संसद विघटन गरिदिंदा आर्थिक रूपमा राष्ट्र जर्जर हुँदै जान्छ। त्यसकारण त्यसरी संसद विघटन गरिनु राष्ट्रका लागि धोका र बेइमानी सिबाय अरु हुन सक्दैन।

अनेकन रणनीति षड्यन्त्र र दाउपेचबाट देउवासँग मिलेर ओलीले २०८१ साल असारमा तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको तेस्रो ठुलो पार्टीको असंवैधानिक मैमत्त सरकारलाई ढाल्दै अर्को असंवैधानिक सरकार गठन गरि नेतृत्व लिन पुगे। असंवैधानिक यस मानेमा कि भ्रम दाउपेच र षड्यन्त्रबाट सबैभन्दा ठुलो पार्टी काँग्रेसलाई पाखा राखी तेस्रो ठुलो पार्टी माओवादी र दोस्रो ठूलो पार्टी एमालेले सत्तामा कब्जा जमाएका थिए।

ओलीबाट आफ्ना विगतका कमि कमजोरी धोइ पखाली गरेर या पाठ सिकेर नयाँ सोच र विचारले देश विकासमा कटिबद्ध हुने अपेक्षा थियो, तर त्यसो हुन सकेन। भ्रष्टाचार सम्बन्धमा ५ वर्ष भित्र कतैबाट किटानी उजुरी नपरेमा फेरि कसैले पनि मुद्दा लगाउन नपाइने भन्ने आसयको खतरनाक अवधारणा ल्याउन खोजेपछि शुरुमै जनताको आँखाको कसिंगर बन्दै गएका प्रधानमन्त्री ओलीको चौतर्फी विरोध भयो।

सत्ताको बागडोर समाएका ओलीको संवैधानिक निकायमा दबदबा कायम रहेको अवस्थामा थियो। त्यो परिस्थितिमा मन्त्री र सांसदका विरुद्ध भ्रष्टाचार मुद्दामा कसले उजुरी दिने आँट गर्न सक्छ ? ज जसले गर्छ उसका विरुद्ध मिडिया ट्रायल गरेर उल्टै झुठा मुद्दा लगाइ ओली सरकारले फसाउने प्रबल सम्भावना हुन्छ। ओलीले आफ्ना दुईवटा नारा बारम्बार फलाक्ने गरे। पहिलो सुखी नेपाली समृद्ध नेपाल। दोस्रो थियो म भ्रष्टाचार गर्दैन र गर्न पनि दिन्न। ती नाराहरुमा के नियत लुकेका थिए भन्ने कुरा घटनाक्रमले छर्लङ्ग पारिरहेका छन।

ओली र देउवाको आलोचना यति बढ्दै गयो कि सामाजिक संजालमा मात्र होइन तिनका प्रत्येक्ष उपस्थितिका सभा र सम्मेलनमा पनि विरोधका स्वरमा नारा जूलूस हुन थाल्यो र कुनै पनि सभा र जनभेला वा उपस्थिति जनाउन मुश्किल पर्न थाल्यो। त्यसकारण सुरक्षा व्यवस्थापन गर्न कठिनाइ हुन गएकोले सभा सम्मेलनमा उपस्थित नहुनकालागि सुरक्षा निकायले जनआलोचित नेतृत्वलाई सुझाव नै दिनुपरिरहेको थियो।

ओलीका निकटतम सल्लाहकारले चर्चा कमाउनका लागि सुझाएको उपाय उद्धरणमा यस्तो थियो, "कमरेड केपी ओलीको फेसबुक पेजमा हरेक दिन ५० हजार भन्दा बढी लाइक् आयो भने बुझ्नुस पार्टीले बहुमत ल्यायो, त्यहाँभन्दा बढी टाउको दुखाउनै पर्दैन। कान्तिपुरले के लेख्यो हेर्नै पर्दैन। तर हामी गर्दैनौं अर्काले गरिरहेको छ। काठमाडौको मेयर ले यसो खासखुस केही लेख्नासाथै ८०/९० हजारले लाइक् गरेको देखिन्छ। धरानतिर एउटा बौलाहा टाइपको मेयर छ, उसको स्टाट्समा ४०/५० हजारले लाइक् गरेको देखिन्छ १ घण्टामा।

त्यसपछि स्वतन्त्र पार्टीको सभापतिले राखेको देख्छु मैले,उसको १ घण्टामा ३०/४० हजारले लाइक गरेको देख्छु। तिनिहरुबाट पनि सिकौंन हामी। सूर्यको जय होस लेख्दिनुस्। जय सूर्य लेख्दिनुस् सिद्धिगयोनी....।'' त्यस पछि ओलीले सार्वजनिक कार्यक्रममा आफ्नो धर्मपत्नीबाट आफ्नै महिमामण्डन गर्न लगाए। केही कलाकार, ऱ्यापर र टिकटकरलाई पालैपालो बालुवाटारमा बोलाएर आफ्नो बढाइचढाइको लागि समय खर्च गरे। उनले चर्चाको लागि धेरै तमासा गर्न थाले।

ढुकुटीबाट केपी ओली फूटबल खेल सम्म आयोजना गरे तर त्यहाँ पनि उनकै विरुद्ध नाराबाजी शुरु भैदियो। मनमोहन अधिकारी, मदन भण्डारी जीवराज आश्रितहरु एमालेका आदर्श व्यक्तित्व हुन। पार्टी कार्यलय र जनभेलाका कार्यक्रममा ती व्यक्तित्वका तस्बिर हुने गर्दथे। ओलीले सबै तस्बिर हटाएर आफ्नो एकल तस्बिर मात्रै राख्ने गरेको एमाले नेता कार्यकर्ता सबै जानकार नभेका होइन तर बोल्ने हिम्मत कसैले गरेनन्। कुनै दिनमा त ओलीले मुलधार का सबै खबर पत्रिकाको अग्र पेज पूरा ढाक्ने गरि आफ्नो अनुहार छपाएर सस्तो लोकप्रियता कमाएका थिए।

त्यस्ता तस्बिर काठमाडौ सडक छेउ बिजुलीको पोल पोलमा पनि टाँगिएका थिए। आफ्ना समर्थकलाई सेल्फी खिच्नका लागि पार्टी कार्यालयमा आदमकदको आकर्षक तस्बिर बनाएर उभ्याएका थिए। आफ्नो प्रचारप्रसारमा उनलाइ त्यस्तो लत बसेको थियो। स्वयं ओलीले पनि कार्यकर्तासँग लाइक माग्दै गरेको भिडियो सामाजिक सञ्जालमा मसला बन्न पुग्यो, "हे बाबा त्यही छेउमै त हुन्छ लाइकको बटन थिच्दिनुस न एक पटक।'' जननिर्वाचित ओलीलाई अनिर्वाचित सल्लाहकार हरुले दिनानुदिन सरसल्लाहको ज्यादा खुराक दिएर अजिर्ण बनाइदिए।

सस्तो लोकप्रियताका लागि जतिसुकै तमासा गरे पनि विपक्ष तथा विरोधीप्रति असहिष्णु पूर्वाग्रह अकर्मण्यता पक्षपात र दमनका कारण ओली चौतर्फी आलोचनाले घेरिएका थिए। सबैथोक सत्ताले तह लगाउँछ भन्ने मान्यतामा अडिग थिए।त्यसकारण उनी बारम्बार एउटै रटान लगाउँथे, "यो सरकार खरानीको डल्लो होइन र कसैले तोपले हाने पनि सरकार ढल्दैन।'' सामाजिक सञ्जाल बन्द गरिएको कारण त्यसको विरुद्ध जेनजी समूह आन्दोलनका लागि सडकमा आयो। वार्ता र सहमतिबाट टुंग्याउनुको सट्टा अहंकार मात्र भरिएको सरकारले दमनको नीति लियो। त्यसको परिणाम राजीनामा बुझाएर प्रधानमन्त्री भाग्नुपर्ने अवस्था आयो।

सत्ताको सुख भोगबाट यति छिट्टै हात धुनुपर्ला भनी सायद ओलीले सपना मा पनि सोचेका थिएनन्। उनलाई आफ्नो पहुँच र सम्पर्क भन्दा परबाट सरकार निर्माण भएको चित्त बुझिरहेको थिएन त्यसकारण आन्दोलनको बलबाट निर्माण भएको सुशीला कार्की सरकारलाई दैनिकजसो दुत्कार्ने, लल्कार्ने र कटाक्ष गर्ने गरिरहे। संसद पुनर्गठन गर्न अदालतमा मुद्दा दायर गर्न, सरकारका काम कारबाहीलाई विफल पार्न र आन्दोलन दमनका विरुद्ध बनेको जाँचबुझ आयोगलाई लल्कार्न ओली पछि परेनन्। जसरी पनि कार्की सरकारलाई असफल पार्न वा सत्ताविमुख बनाउन उनी निकै लागि परे।

काँग्रेस पार्टीका सभापति र नेपाली कम्युनिस्ट पार्टीको नयाँ बर्को ओढेको पुरानो माओवादी मुखियासँग ओलीले गोप्य भेटघाट नगरेका होइनन्। चुनावमा जाँदा प्रतिकूल परिणाम आउन सक्ने सम्भावना देखेर उनी भयभित थिए। किनकि आन्दोलनले देश समय र परिवेश ओलीको विपक्षमा खडा भए जस्तै देखिएको थियो। चुनाव रोक्न पर सार्न जतिसुकै दुष्प्रयास गरे पनि केही उपाय नलागेपछि ओली चुनावमा जान बाध्य भए।

उनको चुनावी क्षेत्रबाट उनका विरुद्धमा काठमाडौ महानगरका मेयर बालेन्द्र शाहले उम्मेद्बारी दिने चर्चा चल्दा नै ऊनी हतास भैसकेका थिए। यद्यपि लोकलाई देखाउन,बालेनलाई तर्साउन र आफ्नो चित्त बुझाउन आफ्नै स्वभाव अनुसार छुद्र र तुच्छ अभिव्यक्ति दिन थाले। जस्तै स्याल बाख्रा र कुखुराको गठबन्धन भएको छ। जस्तै अण्डा दुई किसिमका हुन्छन् बतासे अण्डा र साँच्चैको अण्डा। ठुटे सिङ लिएर कोही मेरो चुनाव क्षेत्रमा पुगिरहेका छ्न, इत्यादि। कोही उमेदवारबाट किन ऊनी त्यसरी आतंकित भइरहेका थिए ?

किनकि हिजो सत्ताको चरम दुरुपयोग गर्दै देशको एउटा प्रधानमन्त्रीले प्रतिशोध साँधेर रास्वपाका सभापति रवि लामिछानेलाई सम्पत्ति शुद्धीकरण समेतको मुद्दा हालेर थुनिरहेका थिए। वडासदस्य र उपमेयरलाई उचाल्दै चौतर्फी घेरेर मेयर बालेन शाहलाई असफल पार्न षड्यन्त्र गरिरहेका थिए। लोकलाज र संकोच नमानी मनोगत स्वार्थका लागि कुलमान घिसिङलाई अपमानित तरिकाले हटाएका थिए। जनताले न्याय र अन्याय छुट्याइरहेको थियो, त्यसकारण सत्ताबाट मात्र होइन सांसद पदबाट पनि विमुख हुनुपर्छ कि भन्ने त्रासले उनको आत्म कामिरहेको थियो।

बालेनले झापा क्षेत्र नं. ५ बाट उम्मेद्बारी दिएपछि घमण्ड अनुसारको आफ्नो प्रतिष्ठा जोगाउन ओली झापामै केन्द्रित भएर घरदैलो गर्नु पऱ्यो। उनको एउटा चर्चित अभिव्यक्ति थियो, कसैलाई ओली बिनाको एमाले र एमाले बिनाको नेपाल चाहियो रे, तिम्रा नातिका पालामा पनि पूरा हुँदैन यो सपना। सायद त्यो अभिव्यक्तिले चुनावमा ओलीलाई गर्मी छुटाएको थियो, तब त घरदैलोमा जनताले उनलाई व्यङ्ग्य र कटाक्ष गरिरहेका थिए।

चुनाव सम्पन्न भएर परिणाम आयो दोस्रोबाट एमाले तेस्रो हैसियतमा मात्रै झरेन आफ्नै गढमा पनि ओली बालेनसँग करिब ५० हजार मतले पराजित हुन पुगे। धेरै चुनावी क्षेत्रमा एमालेको धरौटी रकम जफत भयो अघिल्लो निर्वाचनमा समानुपातिक तर्फ २८ लाख थप मत ल्याएको एमालेले यस पटक १४ लाख थप मत ल्याएपछि ओलीकै कारण पार्टीको साख ओरालो झरिरहेको दुनियाँले प्रष्टै बुझे। चुनावमा हार जित भन्ने कुरा अस्वभाविक होइन, तर त्यो लज्जास्पद हारले गर्दा उनले कतै मुख देखाउनसम्म सकिरहेका छैनन्। संसद भवन सिंहदरबार र बालुवाटारमा ओलीलाई बालेनले तगारो हालेर बाँकी राजनैतिक यात्रा नै करिब अबरुद्ध पारिदिए। अरुलाई छुद्र बोल्न कटाक्ष गर्न र अपमान भर्न आनन्द मान्ने ओली यतिखेर पराजयको शोक मा परेका छन।

मौसम संधै एकैनास रहन्न भनेका थिए ओलीले। हो,मौसम बदलिन्छ र सालिन्दा दोहोरिन्छ पनि। उनले हेक्का राख्न नबिर्सनु पर्ने हो कि मान्छेको उमेर कुनै मौसम र ऋतु जस्तो भएर कहिल्यै दोहोरिन्न। आफ्नो दम्भ र अहंकारले उछार नदिंदा जनतामा उनको आलोचना दिनहुँ बढ्दै जान थाल्यो अब्बल चेतना उठेका मतदाताले उडन्ते सपना बेच्न ज्यादा बोल्ने उमेदवारलाई ठेगान लगाइदिए भने त्यति केही नबोल्ने उमेदवारलाई छ्यालब्याल नै बहुमत पुग्ने गरि जिताइदिए।

काठमाडौ-पोखरा रेल, नेपालमा पानीजहाज र घर घरमा ग्यास भन्ने हास्यास्पद फतुरहरु उडन्ते सपना मात्र थिएनन्, सित्ती पूरा हुन नसक्ने यी कुरा जनतामाथि घोर अपमान पनि थिए, त्यसर्थ जनताले चुनावमा बदला लिए। यो हार ओलीको मात्र होइन करिब ३५/३६ वर्षदेखि देश लुट्ने सबै राजनैतिक लुटेराहरुको हो। गणतन्त्रका नाममा घरीघरी ब्याज खान पल्केका बेइमानहरु, परिवारवादका नाइकेहरु, राजनीतिको पसल थाप्ने दुष्टजन र मतियार सबै चुनावमा नराम्ररी बढारिएका छन।

नयाँ सरकारको पनि गुण र दोष को आधारमा भोलि अवश्य समर्थन र आलोचना हुनेनै छ। हिजो भागबण्डाका आधारमा राजनीतिक नियुक्ति पाउनेहरु लाई आज रास्वपाले पदबाट अलग हुन आग्रह गरिरहेको छ। त्यस्ता राजनीतिक नियुक्ति मार्फत सरकारलाई अप्ठ्यारो पार्ने सम्भावनाको जरो उखेलिने देखिएको छ।अन्योलको कालो बादल फाटेर गएको छ, युवा पंक्तिमा जोश र जाँगर भरिएको छ। यतिखेर देशको राजनीतिक क्षितिज मा पनि बिहानीले केही शुभ संकेत गरिरहेको हुँदा अब बन्ने सरकारसँग जनताको आशा पलाउन थालेको देखिन्छ।

*(लेखक : वीरेन्द्रनगर-१२ नेवारे निवासी हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन्। मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ। बिछोडिएका आफन्तजन भेटिनेछन्।

**वृष** – झैपरी आउने समस्याले खर्च बढाउन सक्छ। सञ्चित रकम अरूका हातमा जानाले अर्थअभाव देखापर्नेछ। परिवारजनबाट टाढिनुपर्ला।

**मिथुन** – प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।

**कर्कट** – अनुभव देखाएर नयाँ काम हातपार्ने समय छ। प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। भेटघाटले उत्साह जगाउनेछ।

**सिंह** – धेरै उपलब्धि नभए पनि सम्भावना खोजी गर्ने समय छ। आफूलाई धेरै लाभ नभए पनि दिगो योजना बन्नेछ।

**कन्या** – फाइदाका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। अर्थका हिसाबले पनि दिन कमजोर रहनेछ।

**तुला** – दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। घरमा सुख र समृद्धिको आगमन हुनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। अतिथिका रूपमा सत्कार पाइनेछ।

**वृश्चिक** – स्रोतसाधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ। पुरुषार्थले समाजमा स्थापित बनाउनेछ।

**धनु** – अप्ठ्यारो परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला। व्यावहारिक समस्याले कामविशेष रोकिन सक्छ। चाँडै सक्नुपर्ने कामको चाप पनि बढ्न सक्छ।

**मकर** – प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुनेछ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ।

**कुम्भ** – परिस्थिति अनुकूल बन्नाले नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ।

**मीन** – सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। अभिव्यक्ति तथा लेखनकलामा पनि निखारता आउनेछ।

# बजेट कार्यान्वयनमा विगतभन्दा कमजोर कर्णाली सरकार

**युग संवाददाता**
**सुर्खेत, ७ चैत ।**

बजेट कार्यान्वयनमा यामलाल कँडेल नेतृत्वको कर्णाली प्रदेश सरकार अहिलेसम्मकै कमजोर देखिएको छ। आर्थिक वर्ष सकिन चार महिना बाँकी रहँदा २० प्रतिशत पनि विकास बजेट कार्यान्वयन हुन सकेको छैन।

प्रदेश लेखा नियन्त्रकको कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ का लागि सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको कुल बजेट ल्याएकोमा फागुन मसान्तसम्म ६ अर्ब ४८ करोड १६ लाख बराबरको बजेट मात्रै खर्च गर्न सकेको छ। जुन कुल बजेटको १९.६४ प्रतिशत मात्रै हो।

सरकारको बजेट कार्यान्वयनको यो तथ्याङ्क विगतका आर्थिक वर्षहरुको भन्दा कम हो। गत आर्थिक वर्ष (२०८१/०८२) मा नै यो अवधिमा प्रदेश सरकारले २२ प्रतिशत रकम कार्यान्वयन गरिसकेको थियो। २०७८/०७९ यता सबैभन्दा कम बजेट कार्यान्वयन यही आर्थिक वर्षमा भएको हो। चालु आर्थिक वर्ष सकिन ४ महिना रहँदा सरकारको खातामा २६ वर्ष ५१ करोड भन्दा बढी बजेट थन्किएको छ।



**पुँजीगत बजेट १० प्रतिशत पनि आएन कार्यान्वयनमा**

विकास बजेट कार्यान्वयन कर्णाली प्रदेश स्थापनाकालदेखि नै प्रमुख चुनौती बनेको छ। संघीय सरकारबाट अनुदानका भरमा आएको बजेट नै कार्यान्वयन गर्न नसक्ने भन्दै अहिलेका मुख्यमन्त्री यामलाल कँडेलले पूर्व मुख्यमन्त्रीहरु महेन्द्रबहादुर शाही र जीवनबहादुर शाहीको चर्को आलोचना गर्थे।

यद्यपि उनकै कार्यकालमा पुँजीगत बजेट कार्यान्वयनको अवस्था निकै दयनीय छ। चालु आर्थिक वर्षमा १९ अर्ब ९८ करोड २७ लाख वार्षिक पुँजीगत बजेट रहेकोमा आठ महिनाको अवधिमा २ अर्ब ५९ करोड १४ लाख १२ हजार मात्रै कार्यान्वयनमा आएको छ, जुन कुल पुँजीगत बजेटको १२.९७ प्रतिशत मात्रै हो।

गत वर्ष (२०८१/०८२) मा १५ प्रतिशत बजेट कार्यान्वयनमा आएको थियो भने २०७९/०८० मै १६ प्रतिशत रकम कार्यान्वयमा आएको छ। 'अहिले विगतजस्तो कर्मचारी अभाव, अनुभवको कमी पनि होइन, खोइ किन विकास बजेट कार्यान्वयनमा कमी आएको हो,' एक सत्तापक्ष सांसद नै भन्छन्, 'अबको बाँकी ४ महिनामा ६० प्रतिशत बजेट कार्यान्वयन पनि नहुने देखिन्छ।'

तर यही अवस्थामा तलब भत्तातर्फको बजेट भने झण्डै ३१ प्रतिशत कार्यान्वयनमा आएको छ। कर्मचारी संयन्त्रदेखि मन्त्रीहरुले नियमित तलब, सेवा, सुविधा पाइरहे पनि विकास बजेट कार्यान्वयमा ध्यान दिएको पाइँदैन।

सात वटा मन्त्रालयमध्ये सबैभन्दा धेरै १० अर्ब ७३ करोड १४ लाख बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र अर्को धेरै विकास बजेट रहेको ऊर्जा तथा जलस्रोत मन्त्रालयले आठ महिनाको अवधिमा समान १४/१४ प्रतिशत रकम मात्रै कार्यान्वयन गरेका छन्। सरकारका कर्मचारी र मन्त्रीहरु जेनजी आन्दोलन र चुनावलाई दोष दिने गरेका छन्।

**सरकारको क्षमतामाथी प्रश्न**

सरकारको कमजोर गतिबारे बिहीबार बसेको संसद् बैठकमा गम्भीर प्रश्न उठेको छ। राप्रपाकी सांसद सन्तोषी शाहीले हालसम्म विकास बजेट जम्मा १२ प्रतिशत मात्रै कार्यान्वयन हुनु भनेको सरकारको असफलताको सूचक भएको बताइन्।

'हामी सधैँ केन्द्रलाई दोष दिन्छौँ, बजेट पुगेन, स्रोत भएन भनेर,' उनले प्रश्न गरिन्, 'तर प्रश्न के हो भने आएको बजेट पनि किन खर्च हुन सकेन ? समस्या स्रोतको हो कि अक्षमताको ?' जेनजी आन्दोलनलाई बहाना बनाएर वा चुनावलाई कारण देखाएर सरकारमा रहेकाहरु पन्छिन नमिल्ने उनको तर्क छ। 'जनताले अब बहाना होइन, परिणाम चाहेका छन्,' उनी भन्छिन्।

*(रातोपाटीबाट)*


## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**सिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना**

मिति:-२०८२/१२/०६

उपरोक्त सम्बन्धमा यस कोहलपुर नगरपालिका नगर कार्यपालिका कार्यालय वडा नं.१२ को आ.व.०८२/०८३ बार्षिक नीति, बजेट तथा स्विकृत विनियोजित बजेट अनुसार श्री ज्ञानज्योति मा.वि. चप्परगौडीलाई सामाग्री खरिद तथा सहयोग कार्यक्रम शिर्षकबाट स्मार्ट बोर्ड खरिद गर्नुपर्ने भएको हुदाँ उल्लेखित स्पेशिफिकेसन बमोजिमका स्मार्ट बोर्ड के-कति मुल्यमा उपलव्ध गराउन सकिन्छ। तोकिए बमोजिमको स्पेशिफिकेसन अनुसारका स्मार्ट बोर्ड सामाग्रीहरुको दररेट कार्यालयको (BOQ) मा अनिवार्य रुपमा भरि ७ (सात) दिन भित्र जिन्सी शाखामा पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल:-**
१. प्रस्तावना/दररेट पेश निवेदन
२.भ्याट/प्यान दर्ता प्रमाण प्रतिलिपी
३. व्यवसाय दर्ता तथा नवीकरण भएको प्रतिलिपी
४.आ.व.०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र
वीरेन्द्रनगर, सुर्खेत

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०८**

यस केन्द्रबाट प्रकाशित सूचना अनुसार तपशिल अनुसारको ठेक्कामा तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित तथा सारभुत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट छनौट गरी सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका निम्ति सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का.नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट र पि .एस बाहेक) |
|---|---|---|---|
| PAHARC/ SKT/G/ SQ/01/082-083 | Procurement and Supply of Raw Materials of Ayurveda Medicine | Chandra Order & Suppliers Surkhet | 19,78,440/- |

**निमित्त निर्देशक**


# ट्राफिक कारबाहीबाट १३ लाख राजस्व सङ्कलन

**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

कर्णाली प्रदेशमा ट्राफिक कारबाहीमा परेका सवारीसाधनबाट फागुनमा रु १३ लाख राजस्व सङ्कलन भएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेश सुर्खेतले फागुनमा प्रदेशका विभिन्न जिल्ला तथा क्षेत्रमा गरेको जाँचका क्रममा एक हजार ४३१ सवारी कारबाही परेका हुन्।

ती सवारीधनीबाट रु १३ लाख आठ हजार राजस्व सङ्कलन गरिएको उक्त कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बिसीले जानकारी दिए। रत्न राजमार्ग, कर्णाली राजमार्ग, राप्ती राजमार्ग, मध्यपहाडी लोकमार्ग, भेरी करिडोर, मदन भण्डारी राजमार्ग, कर्णाली करिडोरलगायत भित्रीक्षेत्रमा पर्ने सडकखण्डमा कार्यालय तथा मातहत जिल्ला ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रमुखबाट राजमार्ग सुरक्षा गस्ती गर्ने क्रममा ती सवारीसाधन कारबाहीमा परेका उनले बताए।

"फागुनमा ९३ सवारी दुर्घटना हुँदा १३१ सवारी संलग्न रहेका पाइएको छ। उक्त दुर्घटनामा सात पुरुष र एक महिला गरी आठ जनाको मृत्यु भएको छ", सूचना अधिकारी बिसीले भने, "दुर्घटनाको कारण ९३ पुरुष, ४७ महिला, १० बालक र १० बालिका गरी १६० जना घाइते भएका थिए। त्यसमा ६४ गम्भीर र ९६ सामान्य घाइते भएका छन्।"

दुर्घटनाको प्रमुख कारण तीव्र गति, मादक तथा लागुपदार्थ सेवन, चालकको असक्षमता, गलत स्थानमा पार्किङलगायत रहेको उनले बताए। सूचना अधिकारी बिसीका अनुसार सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक नियम पालनासम्बन्धी विद्यालय, कलेजमा ट्राफिक सचेतना कक्षा सञ्चालन, व्यवसायी, चालक परिचालक, स्थानीय टोल, समुदाय, सर्वसाधरण, पैदल यात्रुलाई पनि ट्राफिक सचेतना गराइएको छ।

# वागीना समूहको अध्यक्षमा बस्नेत

**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

कर्णाली प्रदेशमा बाजा, गीत र नृत्यको क्षेत्रमा लामो समयदेखी काम गर्दै आएको कला, साँस्कृतिक संस्था वागीना समूह सुर्खेतको ३० औं साधारणसभा तथा १५ औं अधिवेशन शनिकार सम्पन्न भएको छ। साधारणसभाले गणेश बस्नेको संयोजकत्वमा नयाँ कार्यसमिति चयन गरेको छ।

संस्थाको उपाध्यक्षमा सीता भण्डारी र खिमराज बस्याल, सचिवमा भानुभक्त अधिकारी, कोषाध्यक्षमा मिन प्रसाद सुवेदी र सह-सचिवमा प्रकाश शाही चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा प्रकाश (दिपक) नेपाली, मनु मन्दिर, लक्ष्मी खड्का, धर्मराज गिरी, देवराज गिरी, शेर ब. आचार्य, कमला पौडेल, अनन्त तिमिल्सेना, बल बहादुर सोति मगर चयन भएका छन्।

त्यसैगरी समूहको नृत्य विभाग निर्देशकमा कुलमान नेपाली, नृत्य विभाग प्रमुखमा सुनिल दत्त रेग्मी, नृत्य विभाग उप-प्रमुखमा जनक तारामी, गीत संगीत विभाग निर्देशकमा यज्ञ कु. गिरी, गीत संगीत विभाग प्रमुखमा खम्बराज गिरी, गीत संगीत विभाग उप-प्रमुखमा ज्ञान ब. नेपाली, नाट्य विभाग निर्देशकमा उमालाल आचार्य, नाट्य विभाग प्रमुखमा मिन प्रसाद सुवेदी चयन भएका छन्।


## समाज जागरण केन्द्र (स्याक) नेपाल
वीरेन्द्रनगर, सुर्खेत

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।१२।०६**

समाज जागरण केन्द्र (स्याक) नेपाल एक गैर नाफामूलक गैरसरकारी संस्था हो। विगत ३० वर्षदेखि विभिन्न साझेदार संस्थाको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यस संस्थाले महिला, बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय जीवनका लागि सक्षम र समृद्ध समाज निर्माण गर्ने परिकल्पनाका साथ आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ। यस संस्थाले स्वास्थ्य, खानेपानी सरसफाई, शिक्षा, जिविकोपार्जन, संरक्षण एवं जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा मानवीय सहायता लगायतका क्षेत्रमा कार्य गर्दछ।

यस संस्थाले प्लान इन्टरनेशनल नेपालको साझेदारीमा डोल्पा जिल्लाका त्रिपुरासुन्दरी र ठूलीभेरी नगरपालिकाहरुमा किशोरी सशक्तिकरण परियोजना सञ्चालन गर्दै आइरहेको छ। यस परियोजना कार्यान्वयनका लागि सामग्री आवश्यक परेको हुनाले तपशिलमा MHH & AFIC Material सामग्री उपलब्ध गराउन सक्ने सप्लायर्स, फर्महरुले तपशिलमा उल्लेखित शर्त पुरा गरी बोलपत्र आव्हान गरिन्छ।

**बोलपत्र आव्हान सम्बन्धी शर्तहरु :**

१. बोलपत्र आव्हानका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः
 क) कर चुक्ताको प्रमाण पत्र (२०८१/२०८२) को प्रतिलिपि
 ख) भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि
 ग) कम्पनी/घरेलु/वाणिज्य दर्ता प्रमाण पत्रको प्रतिलिपि
२. छनौटका आधारहरु :
 क) कानुनी प्रक्रिया पुरा गरेको
 ख) सामग्रीको मूल्य : ८० अङ्क
 ग) क्षमता : २० अङ्क
  अ) सामग्रीको गुणस्तर वा फिल्ड अनुगमन १० अङ्क
  आ) आपूर्ति गर्न सक्ने समय ५ अङ्क
  इ) कार्य अनुभव : २.५ अङ्क
  ई) कारोवार : २.५ अङ्क
३. ढुवानी/आपूर्ति र अन्य शर्तहरु :
सामग्री ढुवानी संस्थाले कार्यक्रम सञ्चालन गरिरहेको डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाको देहाय बमोजिम स्थानसम्म ढुवानी गर्नुपर्ने छ।
 क. काञ्जिरोवा आधारभुत बिद्यालय दापु, त्रिपुरासुन्दरी नगरपालिका बजारदेखि करिब २० किलोमिटर
 ख. अमरसिंह आधारभुत बिद्यालय मुह, त्रिपुरासुन्दरी नगरपालिका बजारदेखि करिब १९ किलोमिटर
 ग. जनप्रिय आधारभुत बिद्यालय चुँ त्रिपुरासुन्दरी नगरपालिका बजारदेखि करिब १५ किलोमिटर
 घ. भगवती आधारभुत बिद्यालय छल, त्रिपुरासुन्दरी नगरपालिका बजारदेखि करिब १० किलोमिटरसम्म ढुवानीसहितको आपूर्ति गर्नुपर्ने छ। उक्त सामग्रीहरु ढुवानी गर्दा लाग्ने सम्पूर्ण लोड/अनलोड तथा अन्य खर्च सम्पूर्ण आर्पूर्तिकर्ता स्वयम्ले नै व्यहोर्नु पर्नेछ।



## Gauriganga Municipality
## Office of Municipal Executive
Chaumala, Kailali
Sudurpaschim Pradesh, Nepal

**Invitation for Sealed Quotations**

**Invitation of bids for Various Civil Works under Sealed Quotations at Gauriganga Municipality**
**Date of publication: 2026/03/22, Chaitra 08th 2082**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under Sealed Quotations Bidding procedures.

| S.N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/ SQ/ 15/2082/083 | Jamunaghari Tole dekhi Srinagar Tole Jane Bato maa Culvert Nirman | 10,51,380.55/- NRS | 35,000/-NRS | 1000/- NRS | |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/04/06, 23th chaitra 2082. Detail Notice is published in the website of The Municipality.

**Undersecretary**



कर्णाली प्रदेश सरकार
## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

**सिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८२/१२/०८**

यस मन्त्रालयको परिसरमा पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी एवं सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरी देहायका शर्तहरूको अधीनमा रही चमेनागृह (क्यान्टीन) सञ्चालन गर्न ईच्छुक फर्म/संस्था/कम्पनीले दरभाउपत्रमा उल्लिखित खाना/खाजाको परिकार, परिमाण र इकाई बमोजिमको वस्तु तथा सेवा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? दरभाउ सहितको विवरण खामबन्दी गरी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बरदर्ता प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित सिलबन्दी दरभाउ पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। दरभाउपत्र मन्त्रालयको जिन्सी शाखाबाट तोकिएको शुल्क बुझाई खरिद गर्न सकिनेछ।

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर | दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| MoITFE/ ०८२/०८३/०१ | चमेना गृह (क्यान्टिन) सञ्चालन | १०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) | २०८२/१२/२२ कार्यालय समयभित्र | २०८२/१२/२३ गते दिनको १२:०० बजेभित्र | २०८२/१२/२३ दिनको १:०० बजे |

**देहायः**
१. मन्त्रालयको चमेनागृह भवन प्रयोग गरेबापत कुनै शुल्क/भाडा तिर्नुपर्ने छैन।
२. चमेनागृह सञ्चालन गर्ने चमेनागृह, होटल तथा रेष्टुरेन्ट क्षेत्रमा काम गरेको दक्ष अनुभवी कुक (भान्से) अनिवार्य राखुपर्नेछ र सो सम्बन्धी अनुभवका प्रमाणपत्र समेत पेश गर्ने फर्मलाई प्राथमिकता दिइनेछ।
३. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अघि रु. ३०,०००।- (तीस हजार) धरौटी रकम मन्त्रालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।
४. धाराको पानी मन्त्रालयले निःशुल्क उपलब्ध गराउनेछ। पिउने तथा खाना पकाउने स्वच्छ पानी सञ्चालक आफैले व्यवस्था गर्नु पर्नेछ।
५. चमेनागृहका लागि छुट्टै विद्युत् सव-मिटर जडान गरिनेछ र उक्त मिटरमा उठेको विद्युत् महसुल सञ्चालक आफैले प्रत्येक महिना भुक्तानी गर्नु पर्नेछ।
६. चमेनागृहका लागि आवश्यक फर्निचर तथा भाँडाबर्तन आफै व्यवस्था गर्नु पर्नेछ।
७. चमेनागृह सञ्चालन गर्ने क्रममा भवनमा टुटफुट भएमा सञ्चालक स्वयम्ले मर्मत तथा रङ्गरोगन गर्नु पर्नेछ।
८. कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा रहनेछ।
९. दर्ता भएका प्रस्तावहरू मध्ये औषतमा सबैभन्दा घटी दर प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।
१०. चमेनागृहमा मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा सेवन गर्न वा सेवन गरी प्रवेश गर्न पाइने छैन।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

बैतडीमा ट्रक दुर्घटनाः

# चालकसहित चार जना घाइते

**युग संवाददाता**
**बैतडी, ७ चैत ।**
जयपृथ्वी राजमार्गमा ट्रक दुर्घटना हुँदा चालकसहित चार जना घाइते भएका छन् । नेपालगञ्जबाट सिमेन्ट बोकेर बझाङतर्फ जाँदै गरेको सुपप्र ०१००१ ख २८०९ नम्बरको ट्रक गए राती २:०० बजे राजमार्गअन्तर्गत बैतडीको पाटन नगरपालिका-८ झ्याउलेक मोडमा दुर्घटनामा परेको हो ।

दुर्घटनामा परेर घाइते हुनेमा चालक पाटन नगरपालिका-८ का ३६ वर्षीय कृष्ण विष्ट, सोही ठाउँका २५ वर्षीया निर्मला विष्ट, निर्मलाका सात वर्षीय छोरा अभिषेक र चार वर्षीय छोरा प्रयान्स रहेका बैतडीका प्रहरी प्रवक्ता सुरज सिंहले जानकारी दिए । घाइते चारै जनालाई उपचारको लागि डडेल्धुरा अस्पताल लगिएको छ । दुर्घटनाग्रस्त ट्रक सडकबाट २५ मिटर तल खसेको र दुर्घटनाको कारण खुल्न सकेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

निर्वाचनमा बालअधिकार उल्लंघनः

# अध्ययनले देखायो ३५० घटना

**युग संवाददाता**
**काठमाडौँ, ७ चैत ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लङ्घनका घटना दर्ता भएको देखाएको छ ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ । निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ ।

निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो। धनुषा जिल्ला मिथिला नगरपालिका-९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए । पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो ।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्न बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो । कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पुऱ्याएको अध्ययनले देखाएको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लङ्घन गरेका छन् ।

अभिभावकले बालबालिका मार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोऱ्याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औँल्याएको छ ।

निर्वाचन आयोगले केही उल्लंघनको सम्बन्धमा कारबाही गरेको थियो। श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ । जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ ।

कर्णाली प्रदेशसभा बैठक :

# हिमाली जिल्लाको नियमित हवाई उडान गर्ने संकल्पपत्र पारित




**युग संवाददाता**
**सुर्खेत, ७ चैत ।**
कर्णाली प्रदेशका हिमाली जिल्लाको नियमित हवाई उडान गर्न छ बुँदे संकल्पपत्र पारित गरिएको छ । कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौ अधिवेशनको शुक्रबार बसेको छैटौं बैठकबाट उक्त संकल्पपत्र पारित गरिएको हो ।

कर्णाली प्रदेशका हिमाली जिल्लामा नियमित हवाई सेवा सञ्चालन गर्ने सम्बन्धमा तयार पारेको छ बुँदे संकल्पपत्र नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक हिक्मतबहादुर विष्टले सभामा प्रस्तुत गरे ।

उक्त संकल्पपत्रमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य टेकराज पछाइ, उर्मिला विश्वकर्मा ढिलो भएपनि राम्रो कामको सुरुआत भएको र त्यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताए । प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले संकल्प प्रस्तावमा उठेका विषयमा जवाफ दिए । मन्त्री अधिकारीले जवाफ दिएसँगै उक्त संकल्प पत्र सर्वसहमतिले पारित भएको थियो ।

त्यस्तै, बैठकको आकस्मिक समयमा भाग लिँदै प्रदेशसभा सदस्य राजकुमार शर्माले प्रदेश सरकारले दशवटै जिल्लाको अभिभावकीय भूमिका खेल्न नसकेको बताए । प्रदेश सरकारका काम कारवाहीले नै प्रदेश खारेजको प्रश्न उठेको उनले टिप्पणी गरे । विशेष सरकार आफैं ल्याएको नीति तथा कार्यक्रमअनुसार बजेट कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए ।

बैठकमा कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले मन्त्रालयका विषयमा उठेका प्रश्न तथा जिज्ञासाको जवाफ दिएको थियो । उनले सेवा लिने र दिनेबीचको सम्बन्धलाई सहज र मित्रवत बनाउन मन्त्रालयले अधिकतम प्रयास गरेको बताए ।

त्यसैगरी, मन्त्री भण्डारीले कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथी विचार गरियोस भनि सभामा राखेको प्रस्ताव पनि सर्वसहमतिले पारित भएको थियो । उक्त विधेयकमाथिको सामान्य छलफलमा प्रदेशसभा सदस्य रनसिंह परियार, टेकराज पछाइ, जीतबहादुर मल्लले भाग लिए । यसमा मन्त्री भण्डारीले जवाफ दिए ।

## छ वटा...

काम सम्पन्न गर्नेगरी सम्झौता गरिएको कार्यालयले जनाएको छ । वर्षायाममा ती नदीले बर्सेनि सयौं हेक्टर जमिन कटान गर्दै आएकामा तटबन्धनले नदी कटान तथा रोकथाम नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । छवटै नदीबाट हुने सम्भावित क्षति रोक्न तटबन्धन निर्माण प्रभावकारी हुने जनाइएको छ ।

## सुर्खेत मोडेल एकेडेमी
वीरेन्द्रनगर-८, सुर्खेत

**कक्षा ६ देखि ९ सम्म पुर्ण छात्रवृत्ति सम्बन्धी सूचना**

**मिति : २०८२।१२।०६**

शैक्षिक सत्र २०८३ का लागि यस विद्यालयद्धारा प्रदान गरिने जेहेन्दार छात्रवृत्तिका लागि तपसिल बमोजिमको दरखास्त आवह्वान गरिन्छ । दरखास्तको फारम विद्यालयको कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ । साथै Surkhet Model Academy को फेसबुक पेजमा रहेको google link बाट समेत दरखास्त फारम भर्न सकिने छ ।

**तपसिल**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १. | दरखास्त फारम भर्ने अन्तिम मिति | २०८३ बैशाख ०३ गते सम्म |
| २. | लिखित परिक्षा | २०८३ बैशाख ०४ गते बिहान ११:०० बजे देखि १:०० बजे सम्म |
| ३. | मौखिक परिक्षा | २०८३ साल वैशाख ०५ गते बिहान १०:०० बजे देखि |
| ४. | नतजा प्रकाशन | २०८३ साल वैशाख ०६ गते |

**नोट : छात्रवृत्ति सम्बन्धी विवरण**

| कक्षा | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० | १० | १० | १० | ४० |

**परिक्षाको पाठ्यक्रम**

शैक्षिक सत्र २०८२ मा अध्ययन गरि सकेको कक्षाको पाठ्यक्रम अनुसार नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरु सोधिने छ ।

*(नोट : शिक्षा क्षेत्रमा कार्यरतहरुबाट एक छात्रवृत्ति छनोटका लागि स्वतन्त्र र निष्पक्ष समिति गठन गरिएको र सम्पूर्ण छनोट अधिकार उक्त छनोट समितिमा रहेको जानकारी गराइन्छ )।*

**विस्तृत जानकारीका लागि निम्न मोबाइल नम्बरमा सम्पक गर्न सकिने छ । ९८४८१२०१४८, ९८६०९१७६७४, ९८५१०४१३३३, ०८३-५२०४४२**




**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।